# प्राक्कथन

यो पुस्तक नेपालको खाद्य शृङ्खला (खाद्यवस्तुको उत्पादन, प्रशोधन, बजार व्यवस्थापन, बिक्री वितरण, ढुवानी र उपभोग) मा कर्पोरेट क्षेत्रको प्रभाव तथा त्यसले खाद्य सुरक्षामा पार्ने असरमा केन्द्रित अध्ययनमा आधारित छ । बहुसङ्ख्यक किसान, व्यापारी तथा उद्योगीले नियन्त्रण गरिरहेको यस्तो खाद्य शृङ्खलामा अहिले थोरै व्यक्ति वा उद्योग-व्यवसायको नियन्त्रण बढिरहेको छ । साधारणतः ठूला कम्पनी वा निगमको रूपमा चिनिने यी उद्योग व्यवसायलाई यस अध्ययनमा कर्पोरेट क्षेत्र भनिएको छ । खाद्यवस्तुको नियन्त्रण किसानबाट बिस्तारै यस्तै कर्पोरेट क्षेत्रको प्रभावमा जाँदैछ । यसले विभिन्न क्षेत्र, वर्ग तथा समूहका परिवार र व्यक्तिको खाद्य सुरक्षामा प्रत्यक्ष असर पार्न सक्ने देखिन्छ । खाद्य सुरक्षामाथि पर्ने यस्तो असरको विश्लेषणमा यो अध्ययन केन्द्रित छ ।

वास्तवमा यो अध्ययनले विश्वव्यापीकरणको सन्दर्भमा हाम्रो समाज र परिवारको खाद्य सुरक्षामा पर्ने असरको एउटा महत्त्वपूर्ण पाटो समेटेको छ । अध्ययनमा कर्पोरेट क्षेत्रबाट उत्पादित खाद्यवस्तु, जुन अधिकांश तयारी तथा पुरियाबन्द रूपमा हुन्छन्, को उपभोगको स्तर तथा प्रवृत्ति र त्यसको परिणामको विश्लेषण गरिएको छ । यस्तो प्रचलनले निम्त्याउने मुख्य असरहरूमा परम्परागत तवरले खपत गरिँदै आइएका खाद्यवस्तुको विस्थापन र खानेबानीमा आएको परिवर्तन, खाद्य शृङ्खलामा सीमित नाफामुखी सङ्गठित व्यापारिक समूह वा कर्पोरेट क्षेत्रको बढ्दो पकड तथा आम परिवारको खाद्य सुरक्षा अगाडि आउँछन् ।

यस्ता प्रभाव तथा परिणामलाई केही ठाउँको स्थलगत अध्ययनको आधारमा विभिन्न आर्थिक सामाजिक प्यारामिटरबाट विश्लेषण गरिएको छ ।

अध्ययनका क्रममा खासगरी तयारी प्रश्नावलीमार्फत अध्ययन क्षेत्रका घर परिवारबाट जानकारी सङ्कलन गरी विश्लेषण गरिएको थियो । यसबाहेक बजारको छोटो सर्वेक्षण, मिडियाको अध्ययन तथा यसबारे उपलब्ध जानकारी र पूर्व अध्ययन अनुसन्धानका लेखहरू पनि सङ्कलन गरिएको थियो । घर परिवारको जानकारी सङ्कलनमा विभिन्न संस्थाको संलग्नता रहेको छ । ती हुन् पूर्वाञ्चल क्षेत्रीय सहभागीमूलक कार्यसमूह, (विराटनगर), मानव अधिकार सचेतना तथा विकास केन्द्र (दोलखा), पर्यावरण, कृषि तथा ग्रामीण विकास समाज (दोलखा), धनुषा सेवा समाज (जनकपुर), शरद समाज (कपिलवस्तु) र दिगो तथा न्यायोचित विकास प्रतिष्ठान (जुम्ला) । त्यसबाहेक कास्की र काठमाडौँमा सर्वेक्षणको काम मार्टिन चौतारीका मिनबहादुर गिरी, कृष्ण अधिकारी तथा कोमल भट्टले र चितवनमा प्रवीण गुरुङले गर्नुभएको थियो । यो अध्ययनको मिडियासम्बन्धी तेस्रो अध्यायको अनुसन्धान गर्ने र महत्त्वपूर्ण अंश लेख्ने काम मार्टिन चौतारीका मिडिया अनुसन्धाताहरू कृष्ण अधिकारी तथा कोमल भट्टले नै गर्नुभएको थियो । तसर्थ यो अध्ययन पूरा गर्न माथि उल्लिखित संस्था र ती संस्थाका अनुसन्धानकर्ता एवं व्यक्तिहरूको महत्त्वपूर्ण भूमिका रह्यो र हामी त्यसका लागि धन्यवाद व्यक्त गर्छौं ।

यो अध्ययन एक्सन एड नेपालको आर्थिक सहयोगमा सम्पन्न भएको हो । यसका लागि एक्सन एड नेपाल तथा अध्ययनलाई अगाडि बढाउन सक्रियता देखाउनु हुने त्यहाँको जीविकोपार्जन तथा आर्थिक अधिकार कार्यक्रमको तत्कालीन टीमलीडर यमुना घले प्रति पनि आभार व्यक्त गर्छौं ।

स्थलगत अध्ययनमा अनुसन्धाताहरुलाई आफ्नो समय दिई जानकारी दिने अध्ययनमा परेका घर परिवारका सदस्यको सहयोगबिना यो अध्ययन पूरा हुने थिएन । हाम्रो उहाँहरू सबैलाई धन्यवाद छ । अध्ययनको क्रममा सम्पर्क गरिएका अन्य विभिन्न व्यक्ति, सङ्घसंस्था तथा पुस्तकालयप्रति पनि धन्यवाद छ । स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कलाई कम्प्यूटरमा राख्न सघाउने र टाइपसेटिङ्गको जिम्मा लिने कैलाश राई, लेआउट गर्ने किशोर प्रधान तथा कभर डिजाइनिङ्ग गर्ने इम्प्रेसन्स्: अ क्रियटिभ डिजाइनर्सलाई पनि धन्यवाद व्यक्त गर्छौं । यसको पाण्डुलीपि पढी कपी इडिटिङ्ग गरिदिने र आवश्यक सुझाव दिने मार्टिन चौतारीका साथीहरू भास्कर गौतम, शेखर पराजुली तथा सेरा तामाङप्रति पनि आभार व्यक्त गर्छौं ।

वास्तवमा खाद्य शृङ्खलामा कर्पोरेट क्षेत्रको प्रभावबारे अध्ययन नभइरहेको सन्दर्भमा यो अध्ययनले त्यसको आवश्यकता पूरा गर्छ भन्ने हाम्रो विश्वास छ ।

कर्पोरेट क्षेत्रको नियन्त्रणबाट खाद्य सुरक्षामा पर्ने प्रभावलाई जोगाउन गरिने पैरवीको रणनीति तयार पार्न र नीति नियमलाई प्रभाव पार्न तथा उपभोक्ता हित र सचेतना बढाउन एवं यसबारे निगरानी गर्न पनि यो अध्ययन उपयोगी हुनेछ । यस अर्थमा विभिन्न कमी कमजोरीका बाबजूद् यो अध्ययनले विश्वव्यापीकरणको सन्दर्भमा खाद्य सुरक्षाको बहसलाई अगाडि बढाउने आधार तयार पारेको विश्वास लिइएको छ ।